नेपाल सरकार
कृषि, वन तथा पर्यावरण मन्त्रालय
राष्ट्रिय कृषि आधुनिकीकरण कार्यक्रम
कार्यक्रम कार्यान्वयन एकाइ
भद्रपुर, झापा

☎: ०२३-४५३१८८
Email: pmamp.piu.jhapa@gmail.com
Website: www.piujhapa.namp.gov.np

पत्र सं. २०८३/०८४
च.नं.

मिति:२०८३/०५/१०

न्यूनतम समर्थन मूल्यमा धान खरिद तथा व्यवस्थापनका लागि सहकारी संस्था सूचिकृत हुने सम्बन्धि सूचना

प्रथम पटक प्रकाशित मिति-२०८३/०५/११

प्रस्तुत विषयमा नेपाल सरकार मन्त्रिपरिषद्को मिति- २०८३/०२/११ गतेको निर्णयानुसार यस आ.ब.२०८३/०८४ का लागि निर्धारण गरेको धानको न्यूनतम समर्थन मूल्य (मोटा धान रु.३,६६०।- प्रति क्वीन्टल र मध्यम धानको रु. ३,८६०।- प्रति क्वीन्टल) मा धान खरिद गर्ने सम्बन्धमा **"न्यूनतम समर्थन मूल्यमा धान खरिद र व्यवस्थापन गर्ने सम्बन्धी निर्देशिका, २०७७"** अनुसार झापा जिल्ला भित्र उत्पादन हुने धान न्यूनतम समर्थन मूल्यमा खरिद र व्यवस्थापन कार्यक्रम कार्यान्वयन गर्न ईच्छुक सहकारी संस्थाहरुले यस कार्यक्रम कार्यान्वयन एकाइ, भद्रपुर, झापामा निम्न कागजातहरु सहित यो सूचना प्रकाशित भएको मितिले २१ (एक्काईस) दिन (मिति-२०८३/०५/३१ गते बुधबार) भित्र कार्यालय समयमा सूचिदर्ता गर्नुहुन अनुरोध छ।

थप जानकारीका लागि कार्यक्रम कार्यान्वयन एकाइ, झापाको फोन नं. ०२३-४५३१८८ मा सम्पर्क राख्न सक्नुहुनेछ ।

नोटः सूचिदर्ता गर्दा पेश गर्नुपर्ने विवरणहरु-

१. सहकारी संस्थाको नाम र ठेगाना
२. सहकारी संस्थाको शेयर पूँजी खुलाउने।
३. सहकारी संस्थाको कारोवार रकम हजारमा खुलाउने।
४. सहकारी संस्थाको कार्य क्षेत्र खुलाउने।
५. खरिद गर्न चाहेको धानको परिमाण (क्वीन्टल), किसिम (जात) खुलाउने।
६. धान खरिद गर्न चाहेको स्थानीय तह तथा वडा समेत खुल्ने गरी ईच्छुक क्षेत्र खुलाउने।
७. धान खरिदको लागि आवश्यक रकमको व्यवस्था र त्यसको स्रोत खुलाउने।
८. खरिद गरेको धान भण्डारण तथा व्यवस्थापन सम्बन्धी विवरण (धान भण्डारण गर्ने भए कहाँ (स्थान/ठेगाना), कति क्षमता (क्वीन्टल), आफ्नो भण्डारण नभएमा भण्डारण गृह भाडामा लिएको कागजात) अनिवार्य रुपमा पेश गर्नुपर्ने ।
९. धान खरिद, ढुवानी, भण्डारण, प्रशोधन एवं बजार व्यवस्थापन सम्बन्धी विवरण तथा त्यसको लागि आवश्यक साधन, उपकरण तथा जनशक्तिको व्यवस्थापन सम्बन्धी विवरण
१०. धान खरिद विक्रीको लागि आवश्यक पर्ने अन्य विवरण
११. धान भण्डारण गर्ने गृहको फोटो (बाहिर र भित्र) को अनिवार्य पेश गर्ने ।

सूचिदर्ता गर्दा पेश गर्नुपर्ने कागजातहरुः-

१. निवेदन
२. संस्था दर्ता प्रमाण पत्रको प्रतिलिपी
३. संस्थाको स्थायी लेखा नं. (PAN)दर्ता प्रमाणपत्रको प्रतिलिपी
४. आ.ब.२०८२/०८३ को कर चुक्ताको प्रमाणपत्र
५.स्थानीय तहको कृषि विकास शाखाबाट प्रत्यक्ष रुपमा अनुगमन हुने प्रतिवद्धता।

२०८३/०५/१०
.....
(रविन्द्र सुवेदी)
वरिष्ठ कृषि अधिकृत
वरिष्ठ कृषि अधिकृत
(रा.प.द्वि.प्रा.)

(पुनश्चः सूचिकृत सहकारी संस्थाले उत्पादक कृषकबाट धान प्रत्यक्ष रुपमा खरिद गरी सम्बन्धित उत्पादक कृषकको बैंक खातामा रकम भुक्तानी गर्नु पर्नेछ।कृषकलाई भुक्तानी गरिएको रकम तथा खाता रहेको बैंक र खाता नं. समेत अनिवार्य रुपमा पेश गर्नु पर्नेछ। सहकारीको खातालाई मान्यता दिईने छैन। खरिद गरिएको धानको विवरण सात-सात दिनमा सम्बन्धित कृषि विकास शाखा र राष्ट्रिय कृषि आधुनिकीकरण कार्यक्रम, कार्यक्रम कार्यान्वयन एकाइ, भद्रपुर, झापामा पेश गर्नु पर्नेछ।हाल सम्म तोकिएको र कायम रहेको व्यवस्थापन अनुदान वापत रु.११२।-(एक सय बाह्र रुपैंया मात्र) प्रति क्वीन्टल सहकारीहरुलाई उपलब्ध गराईने छ।साथै हालको निर्देशिका संशोधन भई आएमा सोही अनुसार हुनेछ।धान खरिद भएको कृषकको नाम, थर, ठेगाना, सम्पर्कनं., खरिद गरेको धानको कुल परिमाण, किसिम र जातको रेकर्ड अनिवार्य रुपमा रजिष्टरमा राख्नु पर्नेछ। फिल्ड अनुगमनको क्रममा उक्त रजिष्टर र विवरण कर्मचारीहरु वा समितिका पदाधिकारीहरुलाई देखाउनु पर्ने छ। धान खरिदको चरणहरु (जस्तैः शुरु, मध्यम र अन्तिम) को फोटोहरु अनिवर्य रुपमा राखि पेश गर्नु पर्नेछ।